# 3 सुसमाचारमा एकरुपता

<u>*यस अध्यायको निम्ति पढ्नुहोस्:*</u> गलाती २:१-१४, १ कोरन्थी १:१०-१३, उत्पत्ति १७:१-२१, यूहन्ना ८:३१-३६, कलस्सी ३:११।

<u>*स्मरण गर्नुपर्ने पद:*</u> "यदि तिमीहरू एक आपसमा सहमत भयौ भने मेरो आनन्दले पूर्णता पाउनेछ। एउटै प्रेमको सूत्रमा बाँधिएर बस। लक्ष्य र आत्मियतामा एउटै मनका हुनु।" (फिलिप्पी २:२ रूपान्तरित)।

सैतानले चर्चको खिलाफमा प्रयोग गरिने उत्कृष्ट हतियार भनेकै एक आपसमा सहमत नहुनु र बिभाजित हुन् भनेर सुधारवादी प्रचारक जोन क्यालभिनले भनेका थिए। इसाईहरूलाई जतिसक्यो उत्ति बिभाजित मनस्थितिबाट अलग हुन उनले सतर्क गराएका छन्।

तर के सत्यलाई बाजी राखेर अर्थात् हत्याएर एकतामा रहिरहनु येशूभक्तको धर्म हो त? मानौं जर्मनको वर्मको धर्मशभासदको अगाडि उनको खिलाफमा मुद्दा चलिरहेको बेलामा सुधारबादी अभियानको पिता मार्टिन लुथरले सत्यमा उभिनु कमजोर भयो रे र आफ्नो आत्माले मानेका बिश्वासहरूलाई त्यागे रे ! (पोपको आधिपत्यबाट छुटकारा पाएर परमेश्वरको वचनलाई मात्र आत्मसात् गर्न चाहने प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूको हालत के हुन्थे होला?)।

"यदि एउटै बुँदामा मात्र लुथर पछि हटेको भए, सैतान र उसका जत्थाले बिजयको गीत गाउने थिए होला। तर सत्यको लागि बलियो भएर लुथर उभिएको हुनाले चर्चलाई स्वतन्त्र गराइयो र नयाँ र अझ असल युगको निम्ति ढोका खुला गरियो।"एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. १६६।

नकावधारी इसाईहरूले छतविछ्त गर्न खोजेको नयाँ करारको चर्चलाई एकताको सूत्रमा राखीरहन प्रेरित पावलले भगिरथ अर्थात् भरमग्दुर प्रयास गरेका थिए भनेर गलाती २:१-१४ले देखाउँदछ। हो

एकता पावलको निम्ति अत्यन्त महत्त्वपूर्ण त छ, तर त्यसको निम्ति सुसमाचारको सत्यलाई हत्याउन उनी अश्विकार गर्दछन्।

एकताभित्र अनेकता हुन प्रावधान त छ नै। तर एकताको नाउँमा सुसमाचारको सत्यतालाई बलि चढाउनुहुन्न वा त्याग्नु हुन्न।

## १. एकताको जरुरी (१ कोरन्थी १:१०-१३)

चर्चमा एकता हुनु कत्तिको जरुरी छ भनेर पावलले १ कोरन्थी १:१०-१३मा गरिएको विश्वासलाई हामी के भनौं?

परमेश्वरबाट पाएको पावलको सुसमाचार होइन भनेर आरोपलाई उनले खण्डन गर्दछन्। अनि पछि उनको विरुद्धमा लादिएको अर्को आरोपलाई गलाती २:१,२द्वारा ध्यानार्कषण गराउँदछन्। पत्रुस र अरू चेलाहरूसँग सहमत नभई आफू खुशी चल्दछ भने झुट्टा इसाई धर्मगुरूहरूले पावललाई आरोप लगाएका थिए। चर्चका यस्ता नकावधारी इसाई धर्मगुरूहरूलाई बिद्रोही भनेर पावलले सम्वोधन गर्दछन्।

आफ्नो आत्मिक परिवर्तन भएको कम्तिमा चौध वर्षपछि उनले येरुशलेममा यात्रा गरेका थिए भनेर तिनीहरूले लगाएको आरोपलाई खण्डन गर्न पावलले आफ्ना पाठकहरूलाई सम्झना गराउँदछ। यो यात्रा कहिले गरियो भनेर हामीलाई निश्चय छैन। नयाँ करारको समयमा एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्न अत्यन्त कठिन थियो। यदि पावल बसेको ठाउँ आन्टिओकबाट येरुशलेममा हिँडेर गयो भने कमसेकम तिन हप्ता लाग्दथ्यो। त्यो दुरी तिनसय माइल छ। फेरि त्यस यात्रामा धेरै खालका कठिनाइ र खतराहरूको सामना पावलले गर्नुपर्थ्यो। तैपनि पावलले यात्रा गरेका थिए। फेरि यो यात्रा येशूका चेलाहरूको निमन्त्रणामा पनि गरिएको थिएन। (त्यस वखत सञ्चार माध्यम अहिलेको जस्तो सजिलो र विभिन्न प्रविधीहरू थिएन।) तर परमेश्वरको आत्माकै निर्देशनमा पावलले यो यात्रा गरेका थिए। जब पावल येरुशलेममा थिए तब प्रेरितहरूको सामु आफूले पाएको सुसमाचारको बारेमा स्पष्ट धारणा उनले राखेका थिए।

पावलले त्यो किन गर्नुपरेको थियो त? उनले के सिकाइरहेका थिए, त्यसको बारेमा शङ्का भएर त होइन होला। आफूले पाएको सुसमाचारको बारेमा चौध वर्षसम्म त उनले प्रचार नै गरिरहेका थिए। पावललाई सुसमाचार प्रचार गर्न अरू प्रेरितहरूको अनुमति वा सहमतीको आवश्यकता थिएन। तर ती प्रेरितहरूको सहमती, प्रोत्साहन र आडलाई पावलले अत्यन्त बहुमूल्य ठानेका थिए।

त्यसकारण पावलको सन्देश फरक छन् भनेर यहूदी-इसाईहरूले गरेको आरोप सरासर उनीमाथि गरेको आक्रमण थियो। यो प्रेरित र चर्चको एकतामाथि गरेको हमला पनि थियो। येशूका चेला तथा प्रेरितहरको बीचमा एकता भइरहनु अत्यन्त जरुरी थियो। यदि त्यो एकता कायम भएन भने गैर-यहूदीहरूको बीचमा प्रचार गर्ने पावलको लक्ष्य र येरुशलेममा रहेको मातृ चर्चको बीचमा भयङ्कर नकारात्मक परिणाम हुन्थ्यो। यदि गैर-यहूदी र यहूदी इसाईहरूको बीचमा सङ्गती वा भाइचारा भएन भने, “ख्रीष्ट बिभाजित हुनुहुन्थ्यो। र पावलले गरेका सबै कामहरू र गर्ने आशा बिफल हुन्थ्यो।"-एफ. एफ. ब्रुस. *द इपस्टल टु ड गलेशियनस्* (ग्राण्ड रापिड, मिशिगनः विलियम बी, इरडमान्स पब्लिशिङ्ग कम्पनीः १९३२) पृ, १११बाट रूपान्तरित।

आजपनि चर्चको एकतामाथि हवाला तथा धम्की दिइरहको हामी पाउँछौं। ती के के हुनसक्छन् त? अझ महत्त्वपूर्ण कुरो त ती सबै समस्याहरूलाई थाहा पाएता पनि ती समस्याहरूसँग हामी कसरी जुट्ने? (के हामी चर्चलाई परिवर्तन गर्न जिएका छौं कि परमेश्वरले हामीलाई कसरी परिवर्तन गर्नुभयो भनेर प्रत्यक्ष गवाही दिन बाँचीरहेका छौं?- अनुवादकको प्रश्न)। फेरि परमेश्वरको महिमाको निम्ति एकता वा सम्झौता भन्दा कुन् कुन् विषयहरू गरिमामय वा महत्त्वपूर्ण छन्?

## २. नस-छेद्धन वा खतना र भ्रममा परेका बिश्वासीहरू (गलाती २:३-५)

पावल र केहि यहूदी इसाईहरूको बीचमा खतनाको विषय किन बहस भएको हामी पाउँछौं? देहायका पदहरू पढ्नुहोस्: उत्पत्ति १७:१-२२, गलाती २:३-५, गलाती ५:२,६, प्रेरित १५:१,५।

कतिपय यहूदी इसाईहरूले गैर-यहूदी इसाईहरूले पनि खतना गर्नुपर्छ भन्ने धारणा किन जटिल नभएको पाइन्छ?

यहूदी जातका पूर्वज पितामह अब्राहमसँग परमेश्वरले आफ्नो एकवद्धता कायम गर्नको निम्ति उहाँले खतनाको विधि चिनोको रूपमा दिनुभएको थियो। खतनाको विधि केवल अब्रहामका पुरुष सन्तानलाई मात्र थियो (यो बिधिमा पुरुषको लिङ्गको टुप्पाको छाला काटिन्छ। यो विधिले यौन रोगबाट प्रतिरक्षा गर्दछ भनेर चिकित्सा विज्ञानले पुष्टि गरेको यस अनुवादले आफ्नो अध्ययनमा भेट्टाइएको छ)। तर परमेश्वरसँग सम्झौता वा करार गरि उहाँसँगको सम्वन्धलाई निरन्तरता दिन यो विधि अपनाउन सबैलाई स्वागत गरिएको थियो। खतनाको चिनो अब्राहमलाई दिइएको थियो भनेर उत्पत्ति १७ले बताउँदछ। फेरि यो कहिले भयो भन्ने कुरा पनि रोचकपूर्ण छ। अब्राहम र साराहकै कोखमा जन्मेको बालकबाट सन्तान फैलिने छ भनेर परमेश्वरले बाचा गर्नुभएको थियो। तर आफू बुढी भइसक्यो कसरी बच्चा पाउँछु र भनेर हतार मानेर साराहले त्यस बेलाको संस्कार अनुसार आफ्नी सेविका इजिप्तका दासी हागारलाई रखौली हुन अब्राहमकहाँ पठाइन्। परमेश्वरको वाचालाई सहायता गर्न यो गरिएको हो भनेर अब्राहम र साराहले ठानेका थिए। तर परमेश्वरले त्यसपछि मात्र खतनाको चिनो अब्राहमलाई दिनुभएको थियो। यो बिधि परमेश्वर र मानिससँग गरिएको करारको सिद्ध चिनो थियो। परमेश्वर आफैले गर्नुभएको प्रतिज्ञालाई पूरा गर्न मानिसको कुनै पनि उत्कृष्ट योजनाले पूरा गर्न सक्दैन भनेर यस खतनाले शङ्केत गरेको थियो। शारीरिक खतनाचाहिँ हृदयमा गरिएको आत्मिक खतनाको प्रतिक थियो (व्यवस्था १०:१६, ३०:६, यर्मिया ४:४, रोमी २:२९)। खतना भनेको हामी आफूलाई भन्दा परमेश्वरमा भर पर्नुपर्छ भनेर देखाउने चिनो हो।

तर राष्ट्रिय र धार्मिक गौरबलाई जनाउन पावलको समयमा खतना एक बहुमूल्य विधि भएको थियो। जुन् उद्देष्यले यो बिधि प्रथम् पटक परमेश्वरले दिनुभएको थियो त्यो उद्देष्य जातियता र धार्मिक संस्कारको रितिथितिमा हराइएको थियो। येशूको जन्म भएको करिब एकसय पचास वर्ष अघि बफादारी तथा देशप्रेमी यहूदीहरूले

पालेस्टाइनको सबै पुरुषहरूलाई जबरजस्ती खतना गर्न लगाएका थिए। साथै ती अतिवादी यहूदीहरूको मातहतमा रहेका सबै छिमेकी देशहरूमा पनि खतना गर्न निर्देशन दिइएको थियो। कतिले त खतना गरियो भने मुक्तिको ग्यारेन्टी हुन्छ भनेर बिश्वास गरेका थिए। बाइबलको समयमा प्रचलित यस्तो खालको भनाइलाई त्यस जबरजस्ती खतनाले पुष्टि गर्दछ, "खतना गरिएको पुरुषहरू नर्कमा खस्न सक्दैनन्।" सी.ई.बी. क्रेनफिल्ड, ए क्रिटिकल एण्ड इक्सजिटिकल कमेन्टरी अन द इपस्टल्स टु द रोमनस् (इडनबर्गः टी. एण्ड टी. क्लार्क लिमिटेड, १९७५), पृ. १७२बाट रूपान्तरित।

खतनाको बिधिकै विरुद्धमा पावल थिए भन्नु गलत मान्नुपर्छ। तर के भने, गैर-यहूदीहरूले पनि खतना गर्नुपर्छ भन्ने अभियानमाचाहिँ पावल सहमत थिएनन्। भ्रममा परेका यहूदी इसाई धर्मगुरूहरूले यसरी जोड गरेका थिएः "तिमीहरूले पनि खतना गर्नुपर्छ भनेर मोसाले निर्देशन दिएका छन्। यदि तिमीहरूले खतना गरेनौं भने तिमीहरूले मुक्ति पाउन सक्दैनौ।"(प्रेरित १५:१ रूपान्तरित)। गहिरिएर हेर्दा कुन विषयवस्तुमा कचकच भएको थियो त? त्यो थियो मुक्ति। मुक्ति भनेको येशूख्रिष्टलाई मात्र विश्वास गरेर पाइन्छ। कुनै मानिविय प्रयास वा कुनै निर्देशित विधिलाई पालन गरेर मुक्ति पाउने होइन।

हुनसक्छ आजको परिप्रेक्ष्यमा खतनाको विषयमा वादविवाद नहोला। यद्यपि आज पनि चर्चलाई धेरै विषयले वादविवादको भुमरीमा पारिरहेका हामी पाउँछौं।

## ३. विभिन्न मानिसहरूको बीचमा एकता (अनेकतामा एकता) (गलाती २:१-१०)

गलाती २:१-१० पढ्नुहोस्। ती भ्रममा परेका भाईहरूको धारणालाई खोतलेर पावलले जनसमक्ष यो प्रस्तुत गर्दछः "येशू ख्रिष्टमा भएको हाम्रो स्वतन्त्रतालाई ती भाईहरूले चिप्ल्याउन चाहन्छन्। किनभने हामी दास होओस् भनेर उनीहरूको आकाङ्क्षा छ।"(गलाती २:४ रूपान्तरित)। येशूका भक्तहरू केबाट स्वतन्त्र छन् त? कसको वन्धनबाट हामी फुत्कन पाएका छौं त? मानिसहरूले जतिसुकै स्वतन्त्र

छौं भनेर दावी गरेतापनि तिनीहरू यथार्थमा कस्को वन्धनमा छन् त? हेर्नुहोस्: यूहन्ना ८:३१-३६, रोमी ६,६,७, रोमी ८:२,३, गलाती ३:२३-२५, गलाती ४:७-८ र हिब्रू २:१४,१५। यो स्वतन्त्रताको आभास हामीले कसरी पाउने?

स्वतन्त्रता वा स्वाधिनता भन्ने त्यो स्थिति हो जुन् प्रत्येक येशूका परमभक्तले अनुभव गर्दछ। पावलको निम्ति यो अत्यन्त जल्दोबल्दो विषयवस्तु हो। नयाँ करारका कुनै पनि लेखकहरूले भन्दा पावलले यो शव्दलाई धेरै प्रयोग गरेको पाइन्छ। विषेश गरेर स्वतन्त्र र स्वतन्त्रता भन्ने शव्दहरू पावलले गलातीको पुस्तकमा धेरै पल्ट प्रयोग गर्दछन्। तर येशूभक्तहरूको निम्ति स्वतन्त्र भनेको येशूमा पाइने स्वतन्त्रता हो। यो परमेश्वरप्रति पूर्ण समर्पित जीवन बिताउने अवसर हो। यथार्थमा भन्ने हो भने हामीलाई पापले कव्जा गरिराखेको छ। हामी त्यसको दासत्वमा छौं। हाम्रो स्वभाव र नियतमा नै पापी छौं। यदि हामी येशूमा रहन सक्यौं भने त्यस पापको इच्छाबाट हामी स्वतन्त्र हुन्छौं। यसको यो पनि अर्थ हो, व्यवस्थाको श्रापबाट मुक्त हुने प्रक्रिया हो (रोमी ८:१,२)। मृत्युको शक्तिबाट छुट्कारा पाउने अवसर पनि यस स्वतन्त्रताले दिन्छ (१ कोरन्थी १५:५५)।

गैर-यहूदीहरूलाई सुसमाचार प्रचार गर्ने आफ्नो जिम्मेवारी भएको पावलले महशूस गरेका थिए। यहूदीहरूलाई प्रचार गर्ने जिम्माचाहिँ पत्रुसलाई दिइएको थियो (गलाती २:७ रूपान्तरित)। चर्चमै भएका विभिन्न अगुवाहरूको बीचमा भएको एकताको स्वभावलाई त्यसले कसरी हाम्रो सामु प्रस्तुत गर्दछ?

“जसरी परमेश्वरले पत्रुसलाई यहूदीहरूको माझमा सुसमाचार प्रचार गर्न बोलाउनुभएको हो त्यसरी नै पावललाई पनि गैर-यहूदीहरूको माझमा सुसमाचार प्रचार गर्न उहाँले बोलाउनुभएको हो भन्ने तथ्यलाई तत्कालिन प्रेरितहरूले स्विकार गरेका थिए। दुवै मामिलामा सुसमाचारको प्रकार एउटै थियो। तर सुसमाचार कसरी प्रचार गरिएको थियो वा गरिने हो भन्ने कुरामाचाहिँ ती मानिसहरूमा भर परेको थियो जसकहाँ प्रेरितहरू पुगेका थिए। त्यहि सुसमाचार विभिन्न व्यक्तिहरूलाई विभिन्न तरिकाले प्रचार गर्नुपर्छ भन्ने सुझाव पनि त्यस

पदले दिँदछ। सामाजिक र सांस्कृतिक अवस्थालाई मध्य नजर राखेर विभिन्न विषयवस्तुहरूलाई प्रस्तुत गर्नु आवश्यक हुन्छ। एउटै सुसमाचार तर विभिन्न तरिकाले प्रचार गर्नु नै इसाई एकताको आधार हो।"-जेम्स डी. जी. डन, द इपस्टल टु द गलेशियनस् (पिवडी, मासाचुसेटस्ः हेन्ड्रिकसन पब्लिशरस्, १९९३) पृ. १०६बाट रूपान्तरित।

यदि हाम्रो प्रचार गर्ने र गवाही दिने शैलीमा हामी संतुष्ट छैनौ भने कुन उपायहरू अपनाउनुपर्दछ त? संतुष्ट नभएका कुराहरू कुन हुन्? तिनीहरूले तपाईँलाई कसरी असजिलो पारिरहेका छन्? ती कुराहरूलाई ख्याल गर्न के तपाईँ आफ्नो मन खुला गर्न सक्नुहुन्छ?

## ४. आन्टिओकमा चुनौती (गलाती २:११-१३)

पावलले येरुशलेममा यात्रा गरेको केहि समयपछि पत्रुसले सिरियाको आन्टिओकमा यात्रा गरेका थिए। प्रेरितको पुस्तकमा वर्णन गरिए अनुसार यो गैर-यहूदी इसाईहरूको प्रथम् चर्च स्थापना भएको ठाउँ थियो। यस ठाउँलाई पावलले आफ्ना सुसमाचारको वा सेवाकाईको मूल थलो बनाएका थिए। जब पत्रुस यस स्थानमा आइपुगे तब उनी स्वतन्त्र रूपमा गैर-यहूदी इसाईहरूको बीचमा हेलमेल भयो। तब एकदिन याकूबका मित्रहरू जो यहूदी-इसाईहरू थिए, त्यस ठाउँमा आइपुगे तब तिनीहरूले के भन्लान् भन्ने डरले पत्रुसले आफ्नो आचरणलाई परिवर्तन गरे। अर्थात् पत्रुसले ती गैर-यहूदी इसाईहरूको बीचमा आफू हेलमेल नभएको भान ती यहूदी-इसाईहरूलाई दिए।

के पत्रुस डराउनु परेको थियो र? के उनलाई मानिसले के भन्ला भनेर डराउनुको सट्टामा जे उचित थियो त्यो गर्नुपर्ने थिएन र? गलाती २:११-१३सँग प्रेरित १०:२६ तुलना गर्नुहोस्। मानिसको जीवनमा संस्कार, संस्कृति, रहनसहन, सामाजिक चलन कत्तिको प्रभावकारी रहेछ पत्रुसको क्रियाकलापले कसरी देखाउँदछ?

पत्रुस र उनीसँग भएका अरू यहूदी इसाईहरूले पुरानो करारमा उल्लेख गरेका शुद्ध र अशुद्ध खानेकुरालाई वेवास्ता गर्न थाले भनेर कतिपय यहूदी इसाईहरूले भ्रम फैलाएका थिए। तर त्यो भ्रम गलत थियो। यदि पत्रुस र उनको साथमा रहेका यहूदी इसाईहरूले पुरानो

करारमा शुद्ध र अशुद्ध खानेकुराको बारेमा उल्लेखित निर्देशनहरू पालन नगरेको भए त्यहाँ ठूलो कचिङ्गल हुन्थ्यो। यदि कचिङ्गल भएको थियो भने त्यसको बारेमा केहि न केहि लेखा हुन्थ्यो। तर त्यस बारेमा केहि लेखिएको छैन। तर खानेकुराको बिषय भन्दा गैर-यहूदी इसाईहरूको बीचमा बसेर खानु यहूदी इसाईहरूको बीचमा अमान्य थियो। यहूदीहरूले गैर-यहूदी अर्थात् अन्य जातका मानिसहरूलाई अछुत वा म्लेच्छ ठान्थे। त्यसैले गर्दा केहि यहूदी इसाईहरूले पनि ती गैर-यहूदीहरूसँग हेलमेल गर्न चाहेको थिएन।

यस बिषयमा पत्रुस आफैं पनि आन्तरिकरूपमा संघर्ष गरेका थिए। एकताका उनीले पनि इस्रायलीहरू भन्दा गैर-यहूदी वा अरू जाती वा विदेशीहरू अछुत थिए भनेर विश्वास गरेका थिए। तर यस्तो मनस्थिति गलत हुन् परमेश्वरले दर्शनद्वारा पत्रुसलाई देखाउनुभएको थियो। यसमा पत्रुस स्पष्ट भएका थिए। यहूदी भएको कारणले पत्रुसले पाश्चात्य मूलका रोमी सिपाहीँको हाकिम कर्नेलियसको घरमा पस्ने बित्तिकै आफ्नो नितिको बारेमा उनलाई यसरी जानकारी दिएका थिए, "तपाईंहरूलाई थाहा भएकै कुरा हो कि हामी यहूदीहरूले गैर-यहूदीसँग उठबस गर्नुहुन्न। तर कोहि मानिसपनि छुत अछुत वा शुद्ध अशुद्ध भन्नु हुन्न भनेर परमेश्वरले मलाई दर्शनमा देखाउनुभएकै कारणले म यहाँ तपाईंहरू समक्ष छु।" (प्रेरित १०:२८ रूपान्तरित)। आफ्नो निति परमेश्वरले परिवर्तन गर्नुभएको थियो भनेर थाहा पाउँदा पाउँदै पनि आफ्ना यहूदी मानिसहरूलाई खुशी पार्न आन्टिओकमा गैर-यहूदी इसाईहरूसँग उनी हत्तपत्त अलग बसेका थिए। यसरी परम्परालाई मानी पुरानै नितिमा हिँड्न खोजेको पाइन्छ। पत्रुसको जीवनमा परम्परा, सामाजिक रीतिथिति, संस्कार, संस्कृति र यहूदी धर्मले कत्तिको गहिरो जरा गाडेको रहेछ भनेर त्यसले देखाउँदछ।

तर पावलले पत्रुसको त्यस आचरणलाई चुनौति दिँदै ग्रीक शव्द प्रयोग गर्दै स्पष्ट रूपमा गलाती २:१३मा पाखण्डी वा ढोंगी भन्दछन्। बर्णावासलाई पनि "त्यही पाखण्डी हावाले बगाइ दियो" भनेर पावलले कडा शव्दमा आफ्नो धारणा राख्दछन् (रूपान्तरित)। परमेश्वरको एक

जनले अर्को जनलाई यस्तो शव्द प्रयोग गर्नु कडा निति भएको मान्नुपर्दछ।

ढोंगी वा पाखण्डी हुनु किन सजिलो छ? के हाम्रो आफ्नै दोषलाई लुकाउनु सजिलो छैन र? अरूको दोष कोटयाउने शिलशिलामा आफ्नो दोषलाई लुकाउने मानिसको चलन छ। तपाईंकै जीवनमा केहि यस्तो ढोंगी आचरण छ त? अझ जल्दो बल्दो कुरो त, यस्तो आचरणलाई हामीले कसरी थाहा पाउने र त्यसलाई हटाउने?

## ५. पावलको चिन्ता (गलाती २:१४)

आन्टिओकको स्थिति तनावपूर्ण थियो। चर्चका दुई महान अग्रज पावल र पत्रुस झगडा गरिरहेका थिए। पत्रुसले आफ्नो चर्तिकलाको निम्ति स्पष्टिकरण दिन पावलले माग गरेका थिए। सुरूको इसाई इतिहासमा पत्रुस र पावल धरोहरको रूपमा खडाभएको सबैलाई थाहा छ। तैपनि तिनीहरूको बीचमा कुनै कुरा नलुकाई चर्काचर्की भएको थियो।

सबैको सामु पावलले पत्रुसलाई दिएको चुनौतीको कारण के थियो? हेनुहोस्ः गलाती २:११-१४।

पत्रुसले येरुशलेमबाट आएका यहूदी इसाई पाहुनाहरूसँग खानगएकोमा पावलको गुनासो थिएन। पूर्वी सभ्यता र पुरानो संस्कार अनुसार पाहुनाहरूसँग खानु अतिथी सत्कारको अनिवार्यता पत्रुसले पालन गरेको देखिन्छ।

तर ती इसाई लोहपुरूषहरूको बीचमा भएको बादबिवाद अरू नभएर “सुसमाचारको सत्यताको" विषयमा थियो। कसैको सङ्गतमा पर्नु वा खानपिन गर्नु वा सेवाकार्यमा मिल्नु वा नमिल्नुको विषय वस्तुमा तिनीहरूको बादबिवाद थिएन। तर पत्रुसको क्रियाकलापले सुसमाचारको मूल सन्देशलाई नै धोका दिएको पाइएको थियो।

पावलले पत्रुसको खिलाफमा जुन कडा निति लिएका थिए त्यो के थियो भनेर गलाती ३:२८ र कलस्सी ३:११ले हामीलाई कसरी स्पष्ट गर्दछन्?

एक फेरा येरुशलेममा विश्वासीहरू बीच बिभिन्न विषयमा भएको कचकचलाई मत्थर पार्न याकूबको अध्यक्षतामा समिती खडा भएको थियो। त्यस बेला पावल पनि पत्रुसको साथमा थिए। गैर-यहूदी तथा अन्य जाती वा बिदेशीहरूलाई खतनाको बोझ नथपी येशूको आशिष सबैले समान रूपमा उपभोग गर्न पाउनु पर्छ भनेर सर्वसम्मतको आधारमा त्यस समितीले पारित गरेको थियो। पत्रुसको क्रियाकलापले त्यस सहमतलाई जोखिममा पारेको थियो। एक फेरा यहूदी र गैर-यहूदी इसाईहरूसँग सँगै खुला रूपमा सत्सङ्गमा लागेका थिए। अब त्यहाँ बिभाजन आयो। त्यसले गर्दा चर्चको भविष्यलाई नै खतरामा पारेको थियो। गैर-यहूदी र यहूदी चर्च दुई खेमामा बिभाजन भएको पावलले देखे ।

पत्रुसको क्रियाकलापले गैर-यहूदी अर्थात् अन्य जाती वा विदेशी इसाईहरू दोश्रो दर्जाका बिश्वासीहरू भएको भनेर पावलको बुझाइ थियो। पूर्ण इसाई सत्ससङ्गमा लाग्न गैर-यहूदी इसाईहरू पनि यहूदी रितिथिति वा परम्परालाई पालन गर्नुपर्छ भन्ने आभास पत्रुसले दिएका थिए भनेर पनि पावलको विश्वास गरेको देखिन्छ। पावल कडा शव्दमा पत्रुसको भन्डाफोर गर्दै भन्दछन्, “तपाईं यहूदी भएर पनि यहूदीको सतप्रतिसत नितिमा चल्न सक्नुभएको छैन। तर तपाईंले किन गैर-यहूदीलाई यहूदी मार्गमा हिँड्न दवाव दिन खोज्नुहुन्छ?" (गलाती २:१४ रूपान्तरित)। “यहूदी जस्तो जीइएको" (पद १४ रूपान्तरित) भन्ने पद “यहूदीकरण" भनेर अनुवाद गर्न सकिन्छ। यसको अर्थ, “यहूदी जीवनशैली अपनाउनु" हो। त्यसबेला कतिपय गैर-यहूदीहरू यहूदी भएर यहूदीहरूको सभाघर वा उपासना केन्द्रमा सहभागी भएका थिए। यसै सिलसिलामा तिनीहरूले यहूदीहरूको विभिन्न रितिथितिमा भाग लिएका थिए। गलातीमा भएका पावलले आफ्ना विरोधीहरूलाई भ्रममा परेका भाईहरू भनेर सम्वोधन गरेका थिए, किनभने तिनीहरूले गैर-यहूदी अर्थात् अन्य जातीहरूलाई येशूलाई विश्वास गर्न पहिले “यहूदीकरण" हुनुपर्छ भनेर उक्साएका थिए।

गैर-यहूदीहरूलाई येशूप्रति चोखो रूपमा विश्वास गराउनुपर्ने सट्टा पत्रुसको चर्तिकलाले गलत सन्देश दिएको थियो। उनी सँगै बर्णावास

पनि लागेका थिए। बर्णावासले पनि यो निति गलत थियो भनेर थाहा पाउनुपर्ने थियो। तर साथीभाईको दवाब कत्तिको शक्तिशाली हुन्दो रहेछ। त्यसको ज्वलन्त उदाहरण बर्णावास र पत्रुसको क्रियाकलापले हामीलाई देखाउँदछ। हाम्रा वरिपरि भएका मित्र तथा साथिभाईहरूको गलत नितिबाट हामी कसरी सुरक्षीत हुने? तिनीहरूको दवावमा परेर येशूनितिलाई ओझेलोमा नपार्न हामी कसरी सिक्ने?

## उपसंहारः

थप जानकारीः चर्चमा भएका विश्वासीहरूको बीचमा एकताको शुत्रमा कसरी बाँधिने भन्ने विषयवस्तुको बारेमा जानकारी लिन एलेन जी ह्वाइटका यी सामग्रीहरू पढ्नुहोस्ः *काउन्सिल टु राइटर्स एण्ड एडिटरस्,* पृ. ४५,४७को “इनभेस्टिगेशन अब न्यु लाइट", *सेलेक्टेड मेसेजज्, बुक १,* पृ. ७५को “आन् एक्स्प्लानेशन अभ अर्ली स्टेटमेन्टस्," *गस्पल वर्कर्स्,* पृ. ११७-११९को “टाक्टफुल्नेस", र सन् *१८८८ मेटेरियलसको* पृ. १०९२, १०९३को "मानुस्क्रिप्ट रिलिज ८९८।"

“ कुनै मानिस जतिसुकै अति उत्तम वा असल भएता पनि यदि आफ्नो निर्णय आफैले मात्र गर्न सक्छु भन्ने धारणाले त्यस व्यक्ति प्रेरित भयो भने त्यसले उसलाई गम्भिर भुल गर्न अग्रसर गराउन सक्दछ। यदि परमेश्वरको मार्ग निर्देशनलाई नपछ्याई ठूला ठूला जिम्मेवारी मानिसलाई सुम्पियो भने उसले उत्पात मचाउन सक्दछ। मानिसको दिमाग र हृदयलाई वँग्याउन कुटिल निति उसले चाल्न सक्दछ। आन्टिओकमा पत्रुस इमान्दारीको नितिलाई पालन गर्न असफल भएका थिए। पत्रुसको नकारात्मक प्रभावलाई सार्वजनिक रूपमा पावलले चुनौती दिएको पाइन्छ। यसबाट सबैले पाठ सिकुने भनेर यो घट्नालाई बाइबलमा लेखिएको छ। चर्चको उच्च ओहोदामा बसेकाहरूलाई यो गम्भिर चेतावनी हुन सक्दछ। आफूले अपनाएका शिक्षादिक्षालाई उनीहरूले आत्मसात् गर्नु पर्दछ।" एलेन जी ह्वाइट कमेन्टस्, *एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. ११०८बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. बादविवाद प्रायजसो कसैलाई मनपर्दैन। तर कहिलेकाहिँ आवश्यकता पनि पर्दछ। गलतमा लागेका विश्वासी जसले भूल स्विकार गर्न चाहन्दैन त्यसप्रति चर्चको निति कस्तो हुनुपर्दछ?

ख. संसारभरी सेभेन्थ-डे एडभेन्टिस्टहरूको संख्या बढिरहेकोछ। यहिक्रममा धेरै धेरै मानिसहरू त्यस चर्चमा समावेश भइरहेकाछन्। बिभिन्न मानिसहरूको बीचमा हुनुपर्ने एकतालाई चर्चले कसरी ठम्याइ राख्नु पर्दछ? बिश्वको परिप्रेक्ष्यमा अनेकन् जातजाती भाषा संस्कार र संस्कृतिलाई स्वीकार नगरी हामी चल्न सक्दैनौं। तिनीहरूको स्वाद पनि लिन हामी रमाउँछौं होला। यद्यपि परमेश्वरमाथिको विश्वासमा सबैसँग एक हुन हामी कसरी सिक्ने?

३. बिभिन्न मानिसहरूलाई विभिन्न तरिकाले सुसमाचार सुनाउनु किन आवश्यता छ?

**सारांश:** येशूको सच्चा भक्त हुन खतना गर्नुपर्छ भनेर केहि यहूदी इसाईहरूले माग गरेका थिए। यसले गर्दा चर्चको एकतामा गम्भिर रूपले खलल वा समस्या आएको थियो। तर प्रेरितहरूले चर्चलाई दुई खेमामा बाँड्न चाहेको थिएन। सुसमाचारको सत्यताप्रति बफादारी भएर चर्च येशूको शरीर हो भनेर सबैले जानुन् र उहाँमा सबै एक हुनुपर्छ भनेर प्रेरितहरू सहमत भएका थिए। येशूको शरीर बिभाजित नहुन् भन्दै प्रेरितहरू एकमत भएर सुसमाचारको काममा खटेका थिए।